# लेखापरीक्षण ऐन, २०४८

*(मिति २०७४ साल असोज मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# लेखापरीक्षण ऐन, २०४८

लालमोहर र प्रकाशन मिति
२०४८।७।११

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
| --- | --- |
| १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ | २०६३।६।२८ |
| २. निजामती सेवा (दोस्रो संशोधन) ऐन, २०६४ | २०६४।४।२३ |
| ३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[f] | २०६६।१०।७ |
| ४. लेखापरीक्षण (पहिलो संशोधन) ऐन, २०७३ | २०७३।६।१८ |

२०४८ सालको ऐन नं. १६

✂................

लेखापरीक्षण सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : लेखापरीक्षण सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "लेखापरीक्षण ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

*(क) "सरकारी कार्यालय" भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकायको कार्यालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायत संघीय, प्रदेश तथा स्थानीय तहका सबै सरकारी कार्यालय र अदालत सम्झनु पर्छ ।

(ख) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउँछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

f यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

📖(ख१) “लेखासँग सम्बन्धित कागजपत्र” भन्नाले सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व रहेको संस्था वा अन्य संस्थाको कार्यमूलक वा विविध विषयको लेखापरीक्षण गर्न आवश्यक पर्ने कागजपत्र सम्झनु पर्छ र सो शब्दले सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व रहेको संस्था वा अन्य संस्थाको रणनीति, वार्षिक वा आवधिक योजना, कार्ययोजना, निर्णयहरु, सम्झौता वा समझदारीहरु, प्रगति प्रतिवेदनहरु, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरु र लेखा परीक्षणको कामसँग सम्बन्धित अन्य कागजपत्र, विवरण तथ्याङ्क वा सूचना समेतलाई जनाउँछ ।

*(ग) “परीक्षण” भन्नाले लेखाको जाँच र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनु पर्छ र सो शब्दले सम्परीक्षण गर्ने कार्य समेतलाई जनाउँछ ।

(घ) “नेपाल सरकारको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था” भन्नाले सबै शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व भएको सङ्गठित संस्था वा सबै शेयर वा जायजेथामा त्यस्तो संस्थाको वा त्यस्तो संस्था र नेपाल सरकारको स्वामित्व भएको सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले पूर्ण उत्तरदायित्व व्यहोर्नु पर्ने सङ्गठित संस्था समेतलाई जनाउँछ ।

(ङ) “नेपाल सरकारको अधिकांश स्वामित्व भएको सङ्गठित संस्था” भन्नाले पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व भएको सङ्गठित संस्था सम्झनु पर्छ । 📖र सो शब्दले नेपाल सरकार वा नेपाल सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्थाको जायजेथा समेत गरी पचास प्रतिशतभन्दा बढी शेयर स्वामित्व भएको संस्था समेतलाई जनाउँछ ।

📖(च) “अन्य संस्था” भन्नाले प्रचलित कानून वा नेपाल सरकारको निर्णय बमोजिम स्थापना भएको परिषद्, विश्वविद्यालय, कोष, समिति, प्रतिष्ठान, आयोग सम्झनु पर्छ ।

📖(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

३. लेखापरीक्षण सम्बन्धी तरिका : *(१) महालेखापरीक्षकले लेखापरीक्षण गर्ने सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्था वा अन्य संस्थाको सबै वा ती अन्तर्गतका कुनै इकाईमात्र छनौट गरी आर्थिक कारोबार र सोसँग सम्बन्धित अन्य क्रियाकलापहरुको एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएका तथ्यहरु दर्शाउन, त्यसमा आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकता अनुसार राय सहितको प्रतिवेदन गर्न सक्नेछ ।

(२) महालेखा परीक्षकले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेमा देहाय बमोजिम गर्न सक्नेछ :-

(क) नेपाल सरकारद्वारा अनुदान प्राप्त गरी सञ्चालन भएका कार्यक्रम तथा आयोजनाको स्थिति तथा लेखा सम्बन्धी कागजात जुनसुकै बखत हेर्न,

*(ख) सरकारी कामको ठेक्का लिने निर्माण व्यवसायी र आपूर्तिकर्ता वा सरकारी कामको जिम्मा लिने संस्था वा व्यक्तिलाई समेत त्यस्तो ठेक्का वा आपूर्ति वा अन्य सरकारी कामसँग सम्बन्धित कागजात, आन्तरिक राजस्व कार्यालयबाट कर परीक्षण भएका फाइल तथा थप प्रमाण कागजात पेश गर्न लगाउन,

(ग) लेखापरीक्षणको काममा कुनै विशेषज्ञको सेवा उपलब्ध गर्न र आवश्यक परेमा उचित पारिश्रमिक दिई करारमा काम लगाउन ।

🕮(३) महालेखापरीक्षकले लेखापरीक्षण गर्दा लेखापरीक्षण गरिने सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्था वा अन्य संस्थाले कारोबार सञ्चालन गर्न वा लगत व्यवस्था गर्न वा सूचना प्रवाह गर्न अपनाएका सूचना प्रविधिमा महालेखापरीक्षक वा महालेखापरीक्षकको कार्यालयका कर्मचारीको पहुँच हुनेछ ।

🕮३क. विविध विषयको लेखापरीक्षण : (१) महालेखापरीक्षकले यस ऐन बमोजिम लेखापरीक्षण गर्नुपर्ने सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्था वा अन्य संस्थाको वित्तीय लेखापरीक्षणको अतिरिक्त कार्यमूलक, सूचना प्रविधि, विधिविज्ञान, लैङ्गिक, वातावरणीय जस्ता विषयको लेखापरीक्षण गर्न सक्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।
🕮 पहिलो संशोधनद्वारा थप ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षणको विधि, तरिका, क्षेत्र र परीक्षण गर्ने कुराहरु महालेखापरीक्षकले तोकिदिए बमोजिम हुनेछ ।

📖३ख. सामयिक लेखापरीक्षण : (१) महालेखापरीक्षकले यस ऐन बमोजिम लेखापरीक्षण गर्नुपर्ने सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्था वा अन्य संस्थाको सामयिक लेखापरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सामयिक लेखापरीक्षणको विधि, तरिका, क्षेत्र र परीक्षण गर्ने कुराहरु महालेखापरीक्षकले तोकिदिए बमोजिम हुनेछ ।

*४. परीक्षण गर्ने कुराहरु : महालेखापरीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता, औचित्य लगायत अन्य आवश्यक दृष्टिकोणबाट समेत देहायका कुराहरुको परीक्षण गर्नेछ :-

(क) विनियोजन ऐन तथा अन्य प्रचलित ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्ट बजेट शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकमहरु सोही शीर्षक तथा उपशीर्षकको सीमामा रही निर्दिष्ट प्रयोजनको लागि खर्च भए नभएको,

(ख) कारोबारको लेखा तोकिएको ढाँचा अनुरुप राखे नराखेको,

(ग) संवैधानिक निकाय, मन्त्रालय, विभाग र सो सरहका केन्द्रीय तहका कार्यालयहरुले मातहतका कार्यालयको विनियोजन, राजस्व, धरौटी लगायतका सम्पूर्ण आर्थिक कारोबारको केन्द्रीय लेखा राखी केन्द्रीय विवरण तयार पारे नपारेको र तयार पारेको भए सोको आधारमा आर्थिक कारोबारको यथार्थ चित्रण गरे नगरेको,

(घ) आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोबारको सही र यथार्थ चित्रण गरे नगरेको,

(ङ) आम्दानी खर्च भएका कलमहरुको पुष्ट्याई हुने प्रमाण यथेष्ट भए नभएको,

(च) नगदी जिन्सी लगायत उपलब्ध स्रोत, साधन र सम्पत्तिको उचित रुपमा उपयोग गरे नगरेको र त्यस्तो सम्पत्तिको हानि नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरे नगरेको,

(छ) सरकारी ऋण तथा लगानी र त्यसबाट प्राप्त हुनुपर्ने एवं तिर्नु बुझाउनु पर्ने र बुझाइएको साँवा, ब्याज, लाभांश आदिको लेखा

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

राख्ने व्यवस्था पर्याप्त भए नभएको, सो अनुरुप लेखा राखे नराखेको र यथार्थ भए नभएको,

(ज) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्था भए नभएको र सोको अनुशरण गरे नगरेको, सम्बन्धित सरकारी निकायले आवश्यक बजेट समयमा उपलब्ध गराए नगराएको,

(झ) आन्तरिक लेखापरीक्षण भए नभएको, भएकोमा प्रतिवेदन कार्यान्वयनको स्थिति सन्तोषजनक भए नभएको,

(ञ) राजस्व एवं सरकारी कोषमा जम्मा हुनुपर्ने रकम र धरौटी सम्बन्धी ऐन, नियम, निर्णय, आदेश र तत्सम्बन्धी कार्यविधिको पर्याप्तता, लगत व्यवस्थापन, त्यसको पालना र कारोबारबाट हानि नोक्सानी पुगे नपुगेको,

(ट) औद्योगिक तथा व्यावसायिक सेवाहरुको आम्दानी खर्चको लेखा, त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र कानून पर्याप्त भए नभएको र तिनको पालना गरे नगरेको,

(ठ) कार्यालयको संगठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित भए नभएको र सो अनुसार कार्य सञ्चालन भए नभएको,

(ड) कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको वा गर्नुपर्ने कुनै काम छुटाएको वा कार्यालयको काम निर्दिष्ट समयमा गर्ने गराउने प्रभावकारी व्यवस्था भए नभएको,

(ढ) संगठन र कार्यक्रमको उपलब्धी किटान गर्ने आधार स्पष्ट भए नभएको, कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भए नभएको तथा कामको गुणस्तर र परिमाण सन्तोषजनक भए नभएको,

(ण) कार्यालयको उद्देश्य र नीति स्पष्ट भए नभएको र निर्दिष्ट उद्देश्य तथा नीति अनुरुप कार्यक्रम कार्यान्वयन भए नभएको,

(त) स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरे नगरेको, खर्च गर्दा लागत तथा उपलब्धी विश्लेषण गरी उचित ढंगले खर्च गरे नगरेको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिब भए नभएको,

(थ) लक्ष्य प्रगति तथा लागत खर्चको अभिलेख राख्ने व्यवस्था पर्याप्त र भरपर्दो भए नभएको,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(द) प्रचलित कानूनले अनुगमन गर्नुपर्ने व्यवस्था गरे अनुरुप अनुगमन भए नभएको, र

(ध) वित्तीय कारोबार, लगत व्यवस्था र प्रतिवेदन व्यवस्थालाई सूचना प्रविधिमा आधारित बनाउन प्रयास भए नभएको ।

५. महालेखा परीक्षकले औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरु : (१) देहायका कुराहरुको सम्बन्धमा महालेखा परीक्षकले औचित्यको विचार गरी परीक्षण गर्नेछः-

(क) निकासा अनुसार खर्च गरेको भए तापनि बेमुनासिब तरिकाले वा चल अचल राष्ट्रिय धन बरबाद हुने गरी खर्च भएको महालेखा परीक्षकको चित्तले देखेमा त्यस्तो खर्च र निकासाको सम्बन्धमा, र

(ख) चल अचल राष्ट्रिय धनको अनुदान वा राजस्वको अभिहस्ताङ्कन वा खानी, जङ्गल, जलशक्ति आदिको सुविधा प्रदान सम्बन्धमा पट्टा, लाइसेन्स, अधिकार र कुनै अन्य प्रकारबाट राजस्व वा चल अचल राष्ट्रिय धन त्याग गर्ने गरी जारी गरिएका सबै निकासाहरुको सम्बन्धमा ।

(२) आय व्यय सम्बन्धी लेखापरीक्षणको काम हुँदा बेरुजूका सामान्य कलमहरु र औचित्यको दृष्टिकोणबाट महालेखा परीक्षकले उल्लेखनीय नदेखेका अन्य कलमहरु समेत आफ्नो प्रतिवेदनमा नपार्न पनि सक्नेछ ।

६. नेपाल सरकारको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण यस ऐन बमोजिम महालेखा परीक्षकद्वारा हुनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारको पूर्ण स्वामित्व भएका सङ्गठित संस्थाको लेखापरीक्षण गर्न महालेखा परीक्षकले नभ्याउने भएमा प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकहरुलाई महालेखा परीक्षकले सहायकको रुपमा नियुक्त गर्न सक्नेछ । यसरी सहायकको रुपमा लेखापरीक्षकहरु नियुक्त गर्दा नेपाली नागरिकलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त गरिएका लेखापरीक्षकहरुले महालेखा परीक्षकको निर्देशन, रेखदेख र नियन्त्रणमा रही काम गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सहायकको रुपमा नियुक्त भएका लेखापरीक्षकको काम, कर्तव्य, अधिकार र दायित्व तथा निजहरुले लेखापरीक्षण गर्दा अपनाउनु पर्ने प्रक्रिया एवं प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था महालेखा परीक्षकले तोकिदिए बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम नियुक्त लेखापरीक्षकले सम्बन्धित संस्थाबाट पाउने पारिश्रमिक त्यस्तो संस्थाको आर्थिक कारोबार लेखाको अवस्था, शाखा, उपशाखाको सङ्ख्या कार्य बोझ तथा कार्य प्रगति समेतको विचार गरी महालेखा परीक्षकले तोकिदिए बमोजिम हुनेछ ।

७. नेपाल सरकारको अधिकांश स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण : (१) नेपाल सरकारको अधिकांश स्वामित्व भएको सङ्गठित संस्थाहरुको लेखापरीक्षण सो संस्था सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको अधिकांश स्वामित्व भएको सङ्गठित संस्थाहरुको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्दा महालेखा परीक्षकको परामर्श लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षक नियुक्ति गर्न महालेखा परीक्षकको परामर्श लिँदा अपनाउनु पर्ने प्रक्रिया तथा लेखापरीक्षकले लेखा परीक्षण गर्दा अपनाउनु पर्ने लेखापरीक्षणका सिद्धान्त सम्बन्धी कुराहरु महालेखा परीक्षकले तोकिदिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम महालेखा परीक्षकसँग परामर्श गरी नियुक्त भएका लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले महालेखा परीक्षकको विभागमा समेत पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनबाट देखिएको त्रुटीको सम्बन्धमा महालेखा परीक्षकले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

📖७क. शुल्क लिन सक्ने : (१) महालेखापरीक्षकको कार्यालय आफैले लेखापरीक्षण गरेको नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्था वा अन्य संस्थाबाट महालेखापरीक्षकले तोके बमोजिमको शुल्क लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिएको शुल्क सञ्चित कोषमा दाखिला गरिनेछ ।

📖७ख. वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने : महालेखापरीक्षकले वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गरेपछि सो प्रतिवेदन सार्वजनिक गर्नेछ ।

📖७ग. प्रतिवेदन जारी गर्न सक्ने : (१) महालेखापरीक्षकले तोकिएका निकायहरुको लेखापरीक्षण सम्पन्न गरिसकेपछि तोकिएको ढाँचामा राय सहितको वित्तीय लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्नेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

(२) उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त तोकिएका निकायहरुको कार्यमूलक, सूचना प्रविधि, विधिविज्ञान, लैङ्गिक, वातावरणीय तथा सामयिक लेखापरीक्षणको प्रतिवेदन समेत जारी गर्न सकिनेछ ।

📖७घ. <u>लेखापरीक्षणको कार्यान्वयन</u> : महालेखापरीक्षकले आफूले लेखापरीक्षण गरी जारी गरेका प्रतिवेदनमा उल्लेख गरिएका व्यहोराहरुमा सुधार भए नभएको र सुझाव कार्यान्वयन भए नभएको सुनिश्चित गर्न लेखापरीक्षण गरिएका निकायबाट भएका कारबाहीको प्रतिवेदन लिने, जवाफ लिने, कार्यान्वयनका लागि समयावधि तोक्ने, पुन:जाँच गर्ने लगायतका कार्यहरु गर्न सक्नेछ र सो सम्बन्धमा महालेखापरीक्षकले सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

📖७ङ. <u>व्यवस्थापिका-संसदलाई जानकारी गराउन सक्ने</u> : महालेखापरीक्षकले आफ्नो कार्यालयलाई स्वतन्त्र रुपमा सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक, भौतिक तथा मानवीय स्रोत साधनको यथार्थ अवस्थाको सम्बन्धमा समय समयमा व्यवस्थापिका-संसदलाई जानकारी गराउन सक्नेछ र सो सम्बन्धमा व्यवस्थापिका-संसदबाट कुनै निर्देशन भएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

∅८. ................

v९. ................

*१०. <u>महालेखापरीक्षकले लेखापरीक्षण गर्न वा सो सम्बन्धमा निर्देशन दिन सक्ने</u> : प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महालेखापरीक्षकले नेपालको संविधानको अधीनमा रही वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरु र सरकारी अनुदान प्राप्त गर्ने निकाय र कार्यक्रमको लेखापरीक्षण गर्ने वा लेखापरीक्षण सम्बन्धमा व्यवस्था मिलाउनको लागि सम्बन्धित सरकारी कार्यालय वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्था वा अन्य संस्थालाई समय समयमा निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

📖१०क. <u>पुनरावलोकन गर्न नसकिने</u> : यस ऐन बमोजिम सम्पन्न गरेको लेखापरीक्षण कार्यको समकक्षीय पेशागत पुनरावलोकन बाहेक अन्य कुनै व्यक्ति वा निकायबाट पुनरावलोकन गर्न सकिने छैन ।

📖१०ख. <u>असल नियतले गरेको कामको लागि जिम्मेवार नहुने</u> : महालेखापरीक्षकले यस ऐन बमोजिम लेखापरीक्षणलाई व्यवस्थित गर्न जारी गरेको मानदण्ड, नीति,

---

📖 पहिलो संशोधनद्वारा थप ।
∅ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज ।
v निजामती सेवा (दोस्रो संशोधन) ऐन, २०६४ द्वारा खारेज ।
* पहिलो संशोधनद्वारा संशोधित ।

निर्देशन, निर्देशिका तथा लेखापरीक्षण योजना बमोजिम कर्तव्य पालनाको सिलसिलामा असल नियत साथ सम्पन्न गरेको लेखापरीक्षण कार्यबाट हुन गएको कुनै पनि क्षति वा अन्य कुनै प्रकारको त्रुटिको लागि महालेखा परीक्षकको कार्यालयका कर्मचारीहरु व्यक्तिगत रुपमा जिम्मेवार हुने छैनन् ।

🕮१०ग. मानदण्ड, नीति, निर्देशन र निर्देशिका जारी गर्न सक्ने : महालेखापरीक्षकले सरकारी तथा सार्वजनिक लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय लेखापरीक्षण मानदण्ड र प्रचलित असल अभ्यासमा आधारित लेखापरीक्षण मानदण्ड, नीति, निर्देशन र निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

🕮१०घ. अधिकार प्रत्यायोजन गर्न सक्ने : महालेखापरीक्षकले लेखापरीक्षण गर्ने, लेखापरीक्षण प्रतिवेदन जारी गर्ने, सम्परीक्षण गर्ने र आर्थिक विवरण उपर राय व्यक्त गर्ने सम्बन्धमा महालेखापरीक्षकको कार्यालयका पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

*११. नियम र कार्यविधि बनाउने : (१) यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले महालेखापरीक्षकको सल्लाह लिई आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) महालेखापरीक्षकले यस ऐन बमोजिम गरिने लेखापरीक्षणलाई व्यवस्थित बनाउन आवश्यक कार्यविधिहरु बनाई लागू गर्न सक्नेछ ।

१२. बेरुजूमा कारबाही गर्ने : नेपाल सरकारको आयव्यय तथा अन्य रकम कलमको लेखापरीक्षण गर्दा देखिएका त्रुटी तथा बेरुजूहरुमा प्रचलित कानून बमोजिम कारबाही गर्नु पर्नेछ ।

१३. खारेजी र बचाउ : (१) लेखापरीक्षण ऐन, २०१८ खारेज भएको छ ।

(२) लेखापरीक्षण ऐन, २०१८ बमोजिम लेखापरीक्षण हुन बाँकी लेखाको लेखापरीक्षण यसै ऐन बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

🕮 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

दृष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।